स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक दीपेन्द्र लामाको नयाँ फिल्म 'दुःखी आत्मा'को शीर्ष नायिका को होला भन्ने कौतुहलता मेटिएको छ । निर्माता कम्पनी क्लक वर्क क्रियसनले अभिनेत्रीमा आँचल शर्मालाई अनुबन्धित गरेको छ । कथाको माग अनुसार आँचललाई लिइएको निर्देशक लामाले बताए । अभिनेता दयाहाङ राई यसअघि नै अनुबन्धित भइसकेको फिल्मको निर्माता हिमाल कडरिया हुन् । निर्देशक लामा र निर्माता कडरियाले यसअघि निर्माण गरेको 'नाङ्गो गाउँ' सुपरहिट भएको थियो ।

**आजको विचार...**



अख्तियार...

(दुई पेजमा)

सुदर्शन आचार्य

लगालग फिल्म सम्झौता गर्दा यतिबेला अभिनेता दयाहाङ राईलाई भ्याइनभ्याइको अवस्था छ । यसै साता फिल्म 'डिग्री माइला'को छायांकन सकेर अर्को फिल्म 'भूठान'का लागि अमेरिका पुगेका उनी नेपाल आएपछि 'जारी' निर्देशक उपेन्द्र सुब्बाको नयाँ फिल्म 'मनसरा'को छायांकनमा जोडिनुपर्नेछ । यतिबेला उनी बाहेकको सिन २० दिनदेखि ललितपुरको नख्खीपोट आसपासमा खिचिँदैछ । अहिले मिरुना, मेनुका प्रधान र प्रविण खतिवडाका दृश्यहरुको छायांकन भैरहेको निर्देशक सुब्बाले जानकारी दिए ।



❒ वर्ष २९ ❒ अंक १८२ ❒ २०८० माघ १६ गते मंगलबार 30 January 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा तीन सैनिकको मृत्यु

(रासस/एएफपी)——

**वासिङ्टन,** माघ १५/अमेरिकी सेनालाई लक्षित गरी शनिबार राति भएको ड्रोन आक्रमणमा परी तीन अमेरिकी सैनिकको मृत्यु भएको अमेरिकाले जानकारी गराएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडनले सिरियाको सीमा नजिक उत्तरपूर्वी जोर्डनमा तैनाथ अमेरिकी सेनालाई लक्षित गरी शनिबार राति भएको ड्रोन आक्रमणमा परी तीन अमेरिकी सैनिकको मृत्यु हुनुका साथै अन्य कैयौं घाइते भएको बताए । राष्ट्रपति बाइडेनले एक विज्ञप्ति जारी गर्दै आफ्नो प्रशासनले आक्रमणका बारेमा अझै पनि सत्य तथ्य संकलन गरिरहेको बताएका छन् । यद्यपि उनले सिरिया र इराकमा सक्रिय इरान समर्थित लडाकू समूहलाई यस आक्रमणको लागि जिम्मेवार भएको दावी गरेका छन् ।

अमेरिकी सेन्ट्रल कमाण्डले एक छुट्टै विज्ञप्ति जारी गर्दै एकतर्फी ड्रोनबाट गरिएको आक्रमणमा घाइते सैनिकको संख्या २५ पुगेको पुष्टि गरेको छ । बाइडनले भने, 'संयुक्त राज्य अमेरिकाले सबै जिम्मेवार व्यक्तिहरूलाई हाम्रो कानुन अनुसार सजाय हुनेछ ।' सन् २०२३ अक्टोबर ७ मा इजरायल र हमासबीच युद्ध सुरु भएयता सिरिया र इराकमा रहेका अमेरिकी सेनामाथि बारम्बार आक्रमण हुँदै आएको छ ।

# उपेक्षामा सच्चा सहिद

## न देशका लागि मर्नेहरू नै छन्, न सहिद भएकाहरूप्रति नै श्रद्धाभाव व्यक्त गर्ने अरु कोही छन् । आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ ।




रामचन्द्र रायमाझी——

**पाल्पा,** माघ १५/हरेक वर्षजस्तै यसपटक पनि 'सहिद दिवस' आएको छ । माघ १० देखि १६ गतेसम्म सहीदलाई सम्झने चलनलाई यसपटक पनि निरन्तरता दिँदै आज देशभर 'सहिद दिवस' मनाइँदै छ । हरेक वर्ष दिवस मनाउने गरिए पनि त्यो औपचारिकतामै सिमित बन्ने गरेको छ । विगतमा सरकारी तवरबाट विविध कार्यक्रमहरु आयोजना गरी दिवसलाई औपचारिकता दिने गरिएता हिजोआज भने ति औपचारिक कार्यक्रमहरु समेत हुन छोडेका छन् ।

विगतमा जस्तो भव्य रुपमा औपचारिकताका कार्यक्रमहरु नहुँदा दिवसकै उपहास भएको प्रति जिल्लाका सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । अघिल्ला वर्षहरुमा माघ १६ गतेका दिन मुलुकभर नै विभिन्न संघ संस्थाहरुले सहिद प्रति दिप प्रज्वलन गरी दिवस मनाउने गरे पनि पछिल्ला केही वर्ष यता सामाजिक सञ्चालमा सहिदहरुको योगदानको चर्चा बाहेक सार्वजनिक रुपमा खासै औपचारिक कार्यक्रम हुन छोडेका छन् । सरकारले मनपरी सहिद घोषणा गर्नुले पनि विगतमा जस्तो दिवसले औपचारिकता पाउन नसकेको हो ।

देशमा प्रजातन्त्र ल्याउन जीवन उत्सर्ग गरेका सहिदलाई हरेक सरकारले गलत व्याख्या गरेर सहिद घोषणा गर्नुले उनीहरुको अपमान भएको छ । कवि भूपी शेरचन भन्छन्, 'हुँदैन विहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन मुलुक दुई-चार सपूत मरेर नगए !' तर, आजको अवस्था उनले भनेजस्तो छैन । न देशका लागि मर्नेहरू नै छन्, न सहीद भएकाहरूप्रति नै श्रद्धाभाव व्यक्त गर्ने अरु कोही छन् । आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ । देशका लागि हाकाहाकी ज्यान दिने गंगालाल, शुक्रराज, दशरथ र धर्मभक्तजस्ता त आज खोजेर कहाँ पाउनु ? विगतमा गणतान्त्रिक आन्दोलनमा सहिद भएका, अंगभंग भएका र घाइतेलाई समेत आज तिरष्कार गरिएको छ ।

२०६२/०६३ को राजनीतिक परिवर्तनपछि बनेका हरेक सरकारले विभिन्न आन्दोलनका नाममा ज्यान गुमाएकालाई आफू अनुकूल सहिद घोषणा गर्दा सच्चा सहिद ओझेलमा परेका हुन् । सहिदहरुले जुन कारणले आफ्नो जीवन उत्सर्ग गरे त्यो अहिलेसम्म पूरा भएको छैन । देशमा प्रजातन्त्र ल्याउन सहिदले जीवन उत्सर्ग गरे, तर अहिले लोकतन्त्र हुँदै गणतन्त्र आइसक्यो, जनतामा निराशा बढ्दो छ, राजनीतिक दलले सहिद उपमालाई गलत व्याख्या गरेर पार्टी पिच्छे सहिद घोषणा गर्नुले उनीहरुको अपमान भएको राप्रपा पाल्पाका नेता देवेन्द्र बहादुर रायमाझी बताउँछन् । उनी भन्छन्, 'राणाशासन विरुद्ध बलिदान दिने सहिदको भावनालाई सरकारले कदर गर्नुपर्ने र अरुले पनि उनीहरुलाई बिर्सन हुँदैन । योगदानको कदर हुन नसक्दा सहिदको उपेक्षा भएकोप्रति रायमाझीले चिन्त व्यक्त गरे । वि सं १९९७ माघ १० गते निरङ्कुश राणा शासनविरुद्धमा नेपाल प्रजापरिषद् स्थापना गरी जनतालाई आफ्नो हक र अधिकारका लागि क्रान्ति गर्न प्रेरित गर्ने शुक्रराजलाई टेकुस्थित खरीको रूखमा झुन्डयाएर हत्या गरिएको थियो । यस्तै, सोही वर्ष माघ १३ गते सिफलमा धर्मभक्तलाई झुन्ड्याइएको थियो भने माघ १५ गते दशरथ चन्द र गंगालाललाई शोभा भगवतीमा गोली हानी हत्या गरिएको थियो । देशका विभिन्न समयमा भएका आन्दोलनमा होमिएर राष्ट्रका लागि वीरगति प्राप्त गरेका सहिदको साहस र त्यागको लेखाजोखा र उच्च मूल्याङ्कन गर्दै हरेक वर्ष माघ १६ लाई सहिद दिवसको रुपमा मनाउने गरिएको हो ।

## तानसेनमा एमालेले गर्‍यो रक्तदान

कृष्ण पोखरेल——

**पाल्पा,** माघ १५/नेकपा एमाले तानसेन नगर कमिटी पाल्पाले रक्तदान कार्यक्रम गरेको छ । एमाले जिल्ला प्रशासन कार्यालय अगाडि सहिद दिवसको अवसर पारेर सोमबार रक्तदान कार्यक्रम गरेको हो ।



एमाले तानसेन नगर कमिटी अध्यक्ष गुराँस आत्रेयले आफैले रक्तदान गरी कार्यक्रमको शुरुवात गरेका थिए । तत्कालीन समयमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको भन्दै राणा शासकले मृत्यु दण्ड दिई हत्या गरेका थिए । प्रजातन्त्र प्राप्ति पछि माघ १६ गतेलाई शहिद दिवसको रुपमा मनाउने परम्परा हालसम्म रहँदै आएको छ । आज सहिद दिवस भए पनि सरकारले १० गतेदेखि नै सहिद सप्ताहा मनाउँदै आएको छ । २००७ सालको प्रजातन्त्र प्राप्ति देखीहाल सम्मका ज्ञात अज्ञात सहिदहरुको सम्झनामा नेकपा एमाल तानसेनले रक्तदान गरौं, जीवन बचाउ, सहिदहरुलाई सम्मान गरौं, सहिदको भावना अनुसार शासक तथा राजनीतिक नेतृत्वले काम गरौं भन्ने अभियानका साथ रक्तदान कार्यक्रमको आयोजना गरेको कमिटी अध्यक्ष गुराँश आत्रेयले बताए । रक्तदान कार्यक्रममा नेकपा एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरेले सहिद दिवस अवसरमा रक्तदान कार्यक्रम गरी पुण्यको काम गरेको बताए । युनाटेड मिसन अस्पताल तानसेन पाल्पाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए । जसमा १६ जना पुरुष र ६ जना महिलाले रहेका छन् । कार्यक्रममा सबै भन्दा बढी उमेरका जिल्ला समन्वय समिति पाल्पाका प्रमुख ५८ बर्षिय टंकनाथ खनालले समेत रत्तदान गरे । नगर कमिटी अध्यक्ष गुराँस आत्रेयको अध्यक्षता, उपाध्यक्ष शशि श्रेष्ठको स्वागत र सचिव महेशलाल शाक्यको सञ्चालनमा रक्तदान कार्यक्रम चलेको थियो । रक्तदान गर्ने रक्तदाताहरुलाई प्रमाण पत्र समेत प्रदान गरिएको थियो ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा,** माघ १५/देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्दीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, तनहुँ, सुर्खेत र बाँकेमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ४ जनाको मृत्यु हो ।

कपिलवस्तुको वाणगंगा नगरपालिका-७ मोतिपुरस्थित सडकमा बलेरो पिकअप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.२ च ७३८७ नम्बरको बलेरो पिकअप अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-४ गजेडाका ४५ वर्षीय रूदनाथ रौताहारको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक



अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्दीय प्रहरी समाचार कक्षले जनाएको छ ।

यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ढापटारस्थित सडकमा मिनि ट्रक र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ग.१ क ५०१२ नम्बरको मिनि ट्रक र प्र.३-०२-००९ प ८५३० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका-३ का २६ वर्षीय सफल राना मगरको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको आँबुखैरेनी अस्पताल हुँदै पुरानो मेडिकल कलेज भरतपुर चितवनमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै सुर्खेतको गुर्भाकोट नगरपालिका-७ मेहलकुनास्थित सडकमा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सहिद दिवस र यसको सार्थकता

देश, जनताको हित र अधिकारका लागि जीवन त्याग गर्ने सहिदप्रति सम्मान गर्दै देशभर मंगलबार सहिद दिवस मनाइँदै छ । नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन जहाँनिया राणा शासन, निरङ्कुस पञ्चायती व्यवस्था तथा तानाशाही राजतन्त्रविरुद्ध प्रजातान्त्रिक क्रान्ति एवम् लोकतान्त्रिक जनआन्दोलनहरूमा आफ्नो जीवनको आहुति गरेका वीर सपूतहरूको सम्झनामा प्रत्येक वर्ष माघ १६ गते सहिद दिवस मनाउने गरिन्छ । आजको दिन सहिदहरुलाई सम्झिने र उनीहरुले देखाएको सतमार्गको अनुसरण गर्ने प्रतिवद्धता जनाइन्छ । तर व्यवहारमा सहिदले देखाएको मार्ग अनुसरण नगर्ने तर देखाउनैका लागि वर्षमा एकपटक सम्झेजस्तो गर्ने प्रवृत्तीले सहिद दिवस औपचारिकतामा सीमित हुँदै आएको छ । देश र जनताको सुन्दर भविष्यको कामना गर्दै नेपालमा सयौं व्यक्तिले ज्यानको आहुति दिएता पनि सहिदका कैयौं सपना पूरा भएका छैनन् ।

प्रत्येक वर्ष सहिद दिवस मनाउने कर्मकाण्डी कार्यक्रमबाहेक स्थानीय, प्रदेश तथा संघीय सरकारले सहिदको योगदानको कदर गर्न सकेका छैनन् । नेपालमा पहिलो सहिद को हुन् ? भन्ने विषय समेत अन्यौल छ । लखन थापालाई नेपालको पहिलो सहिद भन्ने गरिए पनि विवादमै छ । यस तथ्यमा सरकारको पनि मौन समर्थन रहेको छ तर लखन थापाभन्दा पहिले नै राणा सरकारको विरोध गर्दा प्राणदण्ड पाएका बाँकावीर नेपालको पहिलो सहिद भएको विषयमा प्रशस्त जिकिर हुन थालेको छ । हालसम्म पनि ऐतिहासिक पृष्ठभूमिको अध्ययन, मनन् र पर्याप्त गृहकार्य नै नभएको सन्दर्भमा पहिलो सहिदको निरर्थक विवादमा फस्नु पनि सहिदकै भावनाविपरीत हुने तथ्यप्रति ध्यान दिनैपर्छ । शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठको माघ १० गतेदेखि १५ गतेसम्म फरक–फरक मितिमा हत्या गरिएको थियो । नेपालमै पहिलो पटक प्रजापरिषद् नामक दल स्थापना गरेर उनीहरुले राणा विरोधी आन्दोलन नगरेको भएपनि त्यति सहजै राणा शासन ढल्ने थिएन । राणा शासन ढल्नु भनेको नेपाली राजनीति आधुनिक चरणमा प्रवेश गर्नु त हो नै, अधिकार प्राप्तिको आन्दोलन नयाँ अध्यायमा प्रवेश गर्नु पनि हो । राजनीतिक अधिकार प्राप्तिको आन्दोलनहरु नयाँ चरणमा प्रवेश गरे र अहिले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु त्यसैको देन हो भन्दा अत्यूक्ति नहोला । यसर्थ पनि निजी र दलगत स्वार्थबाट माथि उठेर सहिदको सम्मान गर्न जरुरी छ । यसो गर्न सकियो भने मात्र पनि सहिद दिवस मनाउनुको सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामा मात्रै सिमित बन्न पुग्दछ ।

### Opinion @ Social Network

समय हेर्न घडी नै चाहिन्छ भन्ने कहाँ छ र, ढल्कदै गरेको उमेर,
मर्दै गरेको क्यौ रहर र ईच्छाहरु, बढदै गरेका जिम्मेवारीहरु नै घडी रहेछन् ।
(किसन पोखरेलको फेसबुक स्टाटसबाट *www.facebook.com/Kisan.Pokharel*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अख्तियार, अदालत र सुशासनको सन्दर्भ



सुदर्शन आचार्य

*नेपालमा प्रजातन्त्र प्राप्तियता घटेका 'करोडौंदेखि अरबौं'सम्मका भ्रष्टाचारका घटनाको जरो मूलधारका दल र तिनका शीर्ष नेताहरुबाहेक बिरलै अन्यत्र गएको पाइन्छ । मूलधारका दलहरुले भ्रष्टाचारमा समेत राष्ट्रिय सहमति कायम गरी आफूहरू भने आजका मितिसम्म 'चोखिँदै र जोगिँदै' आएका छन् । एकदिन यस्तो समय आउन सक्छ, जुन दिन उनीहरू स्वयम् पनि भ्रष्टाचारको केसबाट उम्कन सक्ने छैनन् । किनकि 'विकल र सुनिल' भेटिने तर, उनीहरूका प्रमुख संरक्षक लामो समयसम्म नभेटिने स्थिति अवश्य पनि सँधै रहने छैन । एक अध्ययनले भन्छ, नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रकृयागत र बाँकी स–साना तथा संस्थागत भ्रष्टाचार हुने देखाएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न ०४७ माघ २८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान स्थापना भयो । भ्रष्टाचार नियन्त्रण गर्न २०५९ मा भ्रष्टाचार निवारण ऐन आयो । ऐनले आयोगलाई 'नीतिगत निर्णय' गरिएका विषयमा प्रवेश गर्न रोकेको छ । र, पछिल्ला सरकारहरूले ठूला आर्थिक चलखेलका 'केस'लाई मन्त्रिपरिषद्बाट निर्णय गराएर बच्दै आएका छन् ।*

'कांग्रेस, एमाले, माओवादी सबैका प्रिय पौडेलद्वय अख्तियारको नियन्त्रणमा', 'नेपालमा भ्रष्टाचार, सिंगापुरमा नियुक्ति र अमेरिकामा पिआर' शीर्षकमा माघ ११ गते मूलधारका दुई दैनिकले 'भ्रष्टाचार अभियोगमा पक्राउ पौडेलद्वय'बारे समाचार प्रकाशन गऱ्यो । पौडेलद्वयलाई अख्तियारले नियन्त्रणमा लिएपछि बनेका शीर्षक हुन् । पौडेलद्वय थिए- नेपाल टेलिकमका तत्कालीन प्रवन्ध निर्देशक सुनिल पौडेल र सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल । यसअघि नै उनीहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा 'भ्रष्टाचार प्रकरण'मा मुद्दा दायर गरेको थियो । त्यसरी मुद्दा दायर भएपछि दुवै निलम्बित अवस्था छन् । अख्तियारले पौडेलद्वय 'सुनिल र विकल' गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी जारी अनुसन्धान छलेर विदेश भाग्ने तयारी गरेको अभियोगसहित नियन्त्रणमा लिएको हो । अख्तियारको दाबीमा, कसुरसम्बद्ध प्रमाण नष्ट गर्न सक्ने र भागी जाने सम्भावना हुँदा अनुसन्धान कार्यमा बाधा पुग्ने देखिएपछि नियन्त्रणमा लिनु परेको हो ।

उदेक लाग्दो विषय त के छ भने, विकल पौडेल २०७३ मा प्रधानमन्त्री पुष्पकमल दाहालका समय सुरक्षण मुद्रण केन्द्रमा कार्यकारी निर्देशक, प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा ६९ करोड अनियमितता प्रकरणमा मुछिएका थिए भने प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा पुनः नियुक्ति पाएका थिए । पक्राउ परेका सुनिल भने ०७५ मा ओली सरकारको पाला सुचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक थिए भने प्रधानमन्त्री शेरबहादुर देउवा रहेका समय मापदण्ड नै परिवर्तन गरी टेलिकमको प्रबन्ध निर्देशक बनाइयो । त्यसरी फरक-फरक पार्टीका शीर्ष नेताहरुलाई रिझाउन र प्रभावित गर्न सक्नुको 'कारण' गतिलै हुनुपर्छ । अख्तियारले 'नेसनल पेमेण्ट गेटवे'को उपकरण खरिदमा अनियमितता गरेको अभियोगमा सुनिल र नेपाल सरकारका तत्कालीन सचिव मधु मरासिनीसहित ९ जनाविरुद्ध २३ करोड २७ लाख विगो दाबीसहित असोज १५ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यसरी नै विकलविरुद्धमा भने सेक्युरिटी प्रिन्टिङ प्रेसको उपकरण खरिदमा अनियमितता गरेको आरोपमा बैशाख ३ मा मुद्दा दायर भएको थियो । उनीविरुद्ध ६९ करोड भन्दा माथिको बिगो तथा जरिवानासहित कैदको माग आयोगले गरेको छ । सत्ताको आडमा नेपालमा पछिल्लो समय दर्जनौ भ्रष्टाचारका घटनाहरू घट्दै आएका छन् । दैनिकजसो सार्वजनिक सञ्चार माध्यमका प्रमुख समाचार बन्दा समेत 'भ्रष्टाचारमा शून्य सहनशिलता' अपनाउने बताउँदै आएका पछिल्ला सरकारहरू 'भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका' खेल्नुको सट्टा उल्टै मुछिदै आएका छन् । अर्कातिर अख्तियारले लामो अनुसन्धान गरेर अदालतमा पुऱ्याएका घटनामा समेत भ्रष्टाचारका ठूला घटना र ती घटनामा संलग्नले 'आश्चर्यजनक रुपमा उन्मुक्ति' पाउँदै आएका छन् । जसका कारण नेपाल भ्रष्टहरूका लागि 'स्वर्णभूमि' बन्दै आएको छ । नजिरका रुपमा केही उदाहरणहरू लिन सकिन्छ, स्वीकृत परिणामभन्दा ज्यादा चुनढुंगा उत्खनन् गरेको आरोपमा उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकासहित खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेसहित २७ जनाविरुद्ध अख्तियारले करिव सवा अर्ब भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गऱ्यो । स्थापित उद्योगीहरू पशुपति मुरारका, युनाइटेड सिमेन्टका नरेश दुगड, सोनापुर मिनरेल्स एण्ड आयलका नितेश तायल, डोलोमाइट चुनढुंगा उद्योगका मानबहादुर श्रेष्ठ, उदयपुर मिनरल्स टेक प्रालिका प्रवलजंग पाण्डे संचालक रहेको कम्पनी नै अवैध चुनढुंगा उत्खनन्मा सामेल थिए भन्ने अख्तियारको अभियोग थियो । तर, दुर्भाग्यबस उनीहरूलाई विशेष अदालतले उन्मुक्ति मिल्यो ।

दोस्रो थियो, बाँकेमा निर्माणाधीन सिक्टा सिचाईंमा भएको अनियमितता । पूर्वमन्त्री विक्रम पाण्डे संचालक रहेको कालिका कन्ट्रक्सन कम्पनीले राष्ट्रिय गौरवको उक्त आयोजनामा साढे आठ अर्बभन्दा ज्यादा अनियमितता गरेको भन्दै आयोगले विशेष अदालतमा पाण्डेसहित २१ जना विरुद्ध मुद्दा दायर गऱ्यो । तर, विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यद्वय रमेश कुमार पोखरेल र यमुना भट्टराईको इजलासले उनीहरूलाई 'सफाई' दियो । तिनलाई सफाइ दिन आयोजनास्थलमा 'घुलनशील माटो हुनु'लाई दोष दिइयो । यता आयोगले अदालतमा अबौं अरबका अनियमितताका 'केस' दायर गर्ने, उता अदालतले 'सफाई' दिँदै दलका कार्यकर्ताले भने सडकमा 'अबिर जात्रा' गर्ने चक्रले 'नेपाल अब बन्दैन' भन्ने निश्कर्ष निकाल्न कठिन छैन । टेरामक्स, स्टक एक्सचेञ्ज, वाइडवडी, नक्कली शरणार्थी, पशुपति जलहरी, ललिता निवास, सुन तस्करी, बुढीगण्डकी, एनसेल, लगायत दर्जनौं ठूला अनियमितताका काण्डहरूमा मूलधारका दलहरूले अख्तियारलाई बलियो बनाएर छानबिनमा सघाउनुपर्ने थियो । उल्टै घट्ना सामसुम पार्ने 'आश्चर्यजनक राष्ट्रिय सहमति' कायम गरिनुले आसन्न निर्वाचनहरू परम्परागत मूलधारका दलहरूका लागि 'फलामको चिउरा' सावित हुने निश्चित झैं देखिन्छ । किनकि, 'नेता वा नाता' जो जहाँ रहेपनि भ्रष्ट आचरणको व्यक्तिबाट समाजले आशा राख्ने ठाउँ रहन्न । तसर्थ, संसदमा विचाराधीन रहेको भ्रष्टाचार निवारण र अख्तियारसम्बन्धी विद्येयक यथासक्य छिटो अघि बढाउँदै आगोगको क्षेत्राधिकार समेत बढाउन सक्दामात्र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति आशा जागृत हुने हो । अन्यथा, 'विकल र सुनिल'हरू झैं रजगजमा दलहरू रमाउँदै जाँदा एक्लो 'अख्तियार'को पनि केही लाग्ने छैन । भ्रष्टाचार हुनै नदिने दायित्व राज्यको हो । तर, राज्य आफैं भ्रष्टाचार गर्ने ठाउँ खोजी खोजी हिँडेको भान हुन्छ, भ्रष्टाचारका सार्वजनिक घटनाक्रम हेर्दा । नेपालमा प्रजातन्त्र प्राप्तियता घटेका 'करोडौंदेखि अरबौं'सम्मका भ्रष्टाचारका घटनाको जरो मूलधारका दल र तिनका शीर्ष नेताहरुबाहेक बिरलै अन्यत्र गएको पाइन्छ । मूलधारका दलहरूले भ्रष्टाचारमा समेत राष्ट्रिय सहमति कायम गरी आफूहरू भने आजका मितिसम्म 'चोखिँदै र जोगिँदै' आएका छन् । एकदिन यस्तो समय आउन सक्छ, जुन दिन उनीहरू स्वयम् पनि भ्रष्टाचारको केसबाट उम्कन सक्ने छैनन् । किनकि 'विकल र सुनिल' भेटिने तर, उनीहरूका प्रमुख संरक्षक लामो समयसम्म नभेटिने स्थिति अवश्य पनि सँधै रहने छैन । एक अध्ययनले भन्छ, नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रकृयागत र बाँकी स-साना तथा संस्थागत भ्रष्टाचार हुने देखाएको छ ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न ०४७ माघ २८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान स्थापना भयो । भ्रष्टाचार नियन्त्रण गर्न २०५९ मा भ्रष्टाचार निवारण ऐन आयो । ऐनले आयोगलाई 'नीतिगत निर्णय' गरिएका विषयमा प्रवेश गर्न रोकेको छ । र, पछिल्ला सरकारहरूले ठूला आर्थिक चलखेलका 'केस'लाई मन्त्रिपरिषद्बाट निर्णय गराएर बच्दै आएका छन् । यसरी भ्रष्टाचार नियन्त्रण कसरी सम्भव होला ? झट्ट हेर्दा भ्रष्टाचार नियन्त्रण गर्न आयोग समेत असफल भएझैं देखिन्छ । तर, गहिराईमा गएर हेर्ने हो भने एकातिर मन्त्रिपरिषद्ले गरेको नीतिगत निर्णयमा प्रवेश नपाइने, अर्कातिर न्यायालयदेखि सेनासम्मका फर्केर हेर्नै नपाइने स्थिति सधैँभरि निरन्तर छ । त्यतिमात्र नभई संवैधानिक नियुक्ति पाएका '५२ जना' पदाधिकारी नियुक्ति नै असंवैधानिक तरिकाले भएको रिट अदालतमै विचाराधीन छ । यसले 'ठूला माछा'तिर आयोगले आँखा लगायो कि, 'महाअभियोग'को विषयले बजार ताती हाल्ने अवस्था विद्यमान छ । यही मनोवैज्ञानिक दबाबका बाबजुद पनि अदालतमा प्रवेश पाएका ठूला भ्रष्टाचारका घटनामा धमाधम उन्मुक्ति पाउनुले 'नेपाल बन्दैन' र नेपाल स्वयम् 'असफल राष्ट्र उन्मुख' छ भन्नेहरूका लागि दरिलो बल पुग्दै गएको देखिन्छ । तसर्थ, दलहरूले निर्वाचन प्रणाली समेत फेरेर एकल पार्टीकै बहुमत आउने र स्थीर सरकार बन्ने बाटोतर्फ संविधान संशोधनतिर जानु जरुरी छ । त्यसरी नै भ्रष्टाचारका प्रकरण-काण्ड सुन्दा-सुन्दा जनमानस आजित भइसकेकाले अख्तियारलाई बलियो बनाएर अकुत सम्पत्तिमाथि छानबिन र अदालतले समेत 'छिद्र' खोजेर भ्रष्टलाई उन्मुक्ति नदिने वातावरण बन्नसक्दा मात्र 'समृद्ध नेपाल निर्माण'को एउटा 'राजमार्ग' तय हुन सक्छ । अन्यथा, व्यवस्थाप्रति नै जनमानसमा झाँगिदै गएको वितृष्णाले भोलीको नेपाल कस्तो होला भन्नेबारे आज कल्पनाबाहेक अरु केही गर्न सकिन्न ।

**-बाह्रखरी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कामले तीव्रता लिनेछ । अध्ययन क्षेत्रमा प्रगतिको खबर सुन्न पाइन्छ ।
**वृष** : व्यवसायका क्षेत्रमा व्यवधान आउन सक्छ, तर आफन्तको साथ मिल्नेछ ।
**मिथुन** : काम पुनः सुरु हुन सक्छन् । प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।
**कर्कट** : जटिल काम सम्पादन हुन सक्छ । कार्यमा सफलता मिल्नेछ ।
**सिंह** : शुभारम्भको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ ।
**कन्या** : आफन्त संग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।
**तुला** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । छोटो यात्रा हुन सक्छ ।
**वृश्चिक** : आफूसँग भएको क्षमता प्रदर्शन गरेर अवसर र सफलता मिल्नेछ ।
**धनु** : छोटो यात्राको सम्भावना रहेको छ र दीर्घकालिक फाइदा पुग्नेछ ।
**मकर** : कार्यमा सफलता पाइनेछ । मित्रबाट सहयोग र सुख प्राप्त हुनेछ ।
**कुम्भ** : अवसर आउनाले मन प्रसन्न र हुनेछ । मानसम्मान पाउने छन् ।
**मीन** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काममेत सम्पादन हुन सक्छ ।

चना प्रविधि

# पति, पत्नी र मोबाइल



विवाह होस् वा प्रेम सम्बन्ध, कुनै पनि सम्बन्धमा उतारचढाव आउँछ । सम्बन्धमा अनेकौं चुनौतीहरू आउँछन् । नेशनल ओपिनियन रिसर्च सेन्टरले गरेको एउटा सर्वेक्षणमा ६० प्रतिशत सहभागीहरूले आफ्नो सम्बन्धबाट खासै सन्तुष्ट नभएको बताएका थिए । सर्वेक्षणका अनुसार सम्बन्धमा धेरै किसिमको समस्याहरूको सामना गर्नु परिरहेको उनीले बताएका थिए । घरर काम जिम्मेवारी बिच तालमेल मिलाउन गाह्रो भइरहेको, बालबालिका हुर्काउन चुनौती भइरहेको, पैसा सम्बन्धी समस्यार विवादहरू हुने गरेको अनि सम्बन्धमा पर्याप्त घनिष्ठता नभएको वा यौन जीवन निरस भएको बताएका थिए । यी सबै सयौं वर्ष देखि चल्दै आएका चुनौतीहरू थिए । अब यसमा अर्की नयाँ नाम थपिएको छ । 'मोबाइल फोन' । हो, पति-पत्नीको मोबाइल फोन नयाँ तगारो बनेको छ । साइन्स डाइरेक्ट डट कममा प्रकाशित एक अध्ययन अनुसार मोबाइल फोन सम्बन्ध बिग्रने देखि टुट्नेसम्मको कारण बनिरहेको छ । फबिङ अर्थात पार्टनर भन्दा मोबाइल फोनलाई माया गर्नु हो । कसैले फोन वा अन्य मोबाइल डिभाइसमा ध्यान दिन आफ्नो पार्टनरलाई बेवास्ता गर्नु हो । सरल शब्दमा भन्दा आफ्नो पार्टनरसँग कुरा गरिरहँदा आँखा फोनमा गाडिरहने, फोनमा गेम खेल्नमै व्यस्तरहने आदि नै फबिङ हो । मोबाइल फोनले बिगार्दैछ सम्बन्ध यो अध्ययन गर्ने डा. जेम्स ए 'रोबर्ट्स बेलर युनिभ र्सिटी, टेक्सासमा मार्केटिङका प्रोफेसर हुन् ।

एक अमेरिकी व्यक्तिले हरेक साढे छ मिनेटमा आफ्नो फोन चेक गर्ने अनि पुरा दिनमा लगभग डेढ सय पटक त्यसो गर्ने गरेका छन् । नेपालीहरुको स्थिति पनि यो भन्दाराम्रो छैन । डा.रोबर्ट्स लेख्छन्, 'हाम्रो अध्ययनमा समावेश भएका ९२ प्रतिशतले सधैं मोबाइल फोन चेक गर्ने पार्टनरको बानीले उनीहरूको सम्बन्ध बिगारिरहेको बताएका थिए । लगभग सबै सहभागीहरूले आफ्नो पार्टनरको फोन सधैं आफ्नो हातमारहेको बताए ।' रिसर्च गेटको अर्की अध्ययनका अनुसार मोबाइल फोनको लतले दम्पतीबिचको तनावर दूरी निम्त्याइरहेको छ । यस अध्ययनमा सहभागी ७० प्रतिशतले मोबाइलकै कारण आफ्नो पार्टनरसँग पूर्णरूपमा जोडिन नसकेको बताएका थिए । साथमै भए पनि उनीहरू सम्पूर्ण रूपमा सँगै थिएनन् । फोनको लतले सम्बन्ध र स्वास्थ्यमा नराम्रो प्रभाव मोबाइलको लतका खतराहरूबारे सतर्क गराउँदै डा. क्लिन्ट म्याक्सवेलले आफ्नो पुस्तक 'ब्रेक अप विथ योर फोन एडिक्शन' मा यसबाट छुटकारा पाउने उपायहरू पनि बताएका थिए । उनी लेख्छन्, 'मोबाइल फोनको लतका कारण हाम्रो मस्तिष्कलाई डोपामाइनको लतमा परिसकेको छ ।' स्ट्यान फोर्ड मेडिकल स्कूलको न्यूरोसाइन्स विभागको अनुसन्धान अनुसार मोबाइल फोनले हाम्रो मस्तिष्कको डोपामाइन केन्द्रहरूलाई सक्रिय बनाउँछ । यही कारणले हामीसँग कुनै महत्वपूर्ण काम नहुँदा पनि हामी प्रत्येक पटक फोन उठाइरहन्छौं । यदि फोन नजिकै छैन भने, हामी नर्भसर बेचैन महसुस गर्न थाल्छौं । मोबाइल फोनको लतबाट कसरी छुटकारा पाउने 'यो लत छोड्नु सिगरेट र रक्सी छोड्नु जस्तै चुनौती पूर्ण काम हो । यसबाट छुटकारा पाउनको लागि पहिलो कुरा चाहिन्छ अठोट अर्थात लतबाट छुटकारा पाउने मनसाय । यो लतले अल्पकालीन उत्तेजना दिन सक्छ, तर दीर्घकालीन रूपमा यो हाम्रो स्वास्थ्यर सम्बन्ध दुवैको लागि खतरनाक बनिरहेको छ भन्ने कुरा नबुझ्दा सम्म यो अठोट बन्दैन ।' डा. म्याक्सवेल लेखेका छन् ।

**१. नो मोबाइल टाइम :**
घरमा एउटा रुटिन बनाउनुस् । साँझको बेलामा घरका सबै सदस्यहरू एक घण्टा सँगै बस्नुस् अनि आपसमा कुरा गर्छन् । यो बेलामा मोबाइल साथमा नराख्नुस ।

**२. सँगै घुम्ने वा व्यायाम गर्ने :**
दम्पती एक साथ समय बिताउन हिँडडुलका लागि जानुस् । एउटा नियम बनाएर त्यति बेला फोन साथमा नलानुस् । यसरी तपाई प्रकृतिसँग नजिकरहनुहुनेछ अनि एक अर्कासँग बिना कुनै बाधा बिताउने मौका पाउनुहुनेछ ।

**३. डिनर टेबलमा मोबाइल नलाने:**
घरमा खाना खाने बेलामा कसैले पनि आफ्नो फोन साथमा नराख्नुस् । यति बेला एक अर्कासँग कुरा गरेर बिताउनुहोस् । यस्तो खालको बानी बनायौं भने यसको पालना अनिवार्य बनाउनुस् । यो बिस्तारै बानी बन्नेछ ।

**४. फोनबाट सामाजिक सञ्जाल एपहरू हटाउने:**
मोबाइल फोनमा बिताउने ७० प्रतिशत समय अनावश्यक रूपमा सामाजिक सञ्जाल एपहरूमा स्क्रोल गर्नमा खर्च गर्छौं । फेसबुक अस्तित्वमा आएको २० वर्ष मात्रै भएको छर यी २० वर्षमा विश्वभर भएका १ हजार भन्दा बढी सामाजिक अध्ययनर सर्वेक्षणहरूले सामाजिक सञ्जाल हाम्रो मानसिकर शारीरिक स्वास्थ्यका लागि खतरा भएको बताइसकेका छन् । त्यसैले आफ्नो फोनबाट फेसबुक, ट्विटर 'एक्स', इन्स्टाग्राम, स्न्यापच्याट आदि सबै सामाजिक सञ्जाल एपहरू हटाइदिनुस् । यी एपहरू दिनमा एक पटक मात्र ल्यापटपमा चलाउनुस् ।

**५. फोन डिटोक्स:**
हामीले हाम्रो शरीर डिटक्स गर्छौं त्यसैगरी शरीर, ल्यापटपर फोनलाई डिटोक्स गर्छौं । त्यसरी नै अब मान्छेलाई फोन डिटोक्स चाहिएको छ । महिनामा दुई-तीन दिन निकाल्नुस् अनि मोबाइल फोनबाट पूरै छुट्टी लिनुस । फोन स्विच अफ गरेर दराजमा थन्काइदिनुस् । महिनामा कम्तीमा दुई-तीन दिन मोबाइल डिटक्सको लागि छुट्याउनुस् ।

*-रातोपाटी डटकम*

# नासाले प्राप्त गर्‍यो ४.६ अर्ब वर्ष पुरानो क्षुद्रग्रहको ढुंगामाटोको नमुना




चार महिनाअघि पृथ्वीमा आइपुगेको क्षुद्रग्रहको ढुंगामाटोसहित धुलोको सबै नमुना अन्ततः नासाले प्राप्त गरेको छ । अमेरिकाको ह्युस्टनस्थित नासाको जोन्सन स्पेस सेन्टरमा उक्त नमुना संकलित कन्टेनर खोलिएको हो । नासाले गत साता ४.६ अर्ब वर्ष पुरानो क्षुद्रग्रह बेन्नुबाट संकलित नमुना पाएको घोषणा गरेको हो । बेन्नु सौर्यमण्डल बन्नेक्रममै निर्मित क्षुद्रग्रह भएको बताइएको छ ।

सन् २३०० मा यो पृथ्वीसँग ठोक्किन सक्ने सम्भावना रहेको अध्ययनले देखाएको थियो । बेन्नुबाट नमुना संकलन गर्ने उद्देश्यले नासाले ओसिरिस-रेक्स मिसन सञ्चालन गरेको थियो । सोही मिसनमार्फत संकलन गरिएको बेन्नु क्षुद्रग्रहको चट्टानको धेरैजसो नमुना गत सेप्टेम्बरमा नै नासाले प्राप्त गरेको थियो । नमुना रहेको कन्टेनरबाट निकाल्न बाँकी नमुना पनि अहिले प्राप्त गरेको नासाले जनाएको हो । संकलनका लागि अर्बौं डलर खर्च भएको यो नमुनाको अध्ययनले पृथ्वी जस्ता ग्रहको उत्पत्ति र यो ग्रह कयौं किसिमका जीवजन्तु बस्न योग्य कसरी बन्यो भन्नेबारे थप जानकारी दिने विश्वास गरिएको छ ।

*-बाह्रखरी डटकम*

# पूरै दुनियाँलाई दुःख दिइरहेको डीपफेक के हो ?



पछिल्लो समय विभिन्न बलिउड सेलिब्रेटीका नक्कली फोटो तथा भिडियोहरु भाइरल गराएसँगै डीपफेक हलिउडमा समेत प्रवेश गरेको छ । अमेरिकामा यो डीपफेकको घिन लाग्दो खेल चर्चित गायिका टेलर स्विफ्टबाट सुरु गरिएको छ । टेलर स्विटको एउटा डीप फेक तस्वीर भाइरल बनेको छ, तत् पश्चात डीपफेकलाई लिएर अमेरिकामा नयाँ बहस छेडिएको छ । सोसल मिडियामा भाइरल भैरहेका स्विटका नक्कली तस्वीरहरुले अमेरिकी नेताहरुको ध्यान डीपफेकतर्फ आकर्षित गरिदिएको छ । अमेरिकामा यसलाई पूर्ण रुपमा प्रतिबन्ध लगाउन तथा यस्ता सामाग्री तयार गर्नेका विरुद्धमा कडा कारबाहीको माग भैरहेको छ । आखिर डिपफेक के हो त ? आउनुहोस् जानौं ।

**के हो डीपफेक ?**
वास्तवमा डीपफेक फोटो र भिडियो दुवै स्वरुपमा हुनसक्छ । एउटा विशेष मेसिन लर्निङको प्रयोग गरेर यसको निर्माण गरिन्छ, जसलाई डीप लर्निङ भनिन्छ । डीप लर्निङमा कम्प्युटरलाई दुईवटा भिडियो वा फोटो दिइन्छ । ती दुवैलाई हेरेर कम्प्युटरले आफैं दुवै भिडियो वा फोटोलाई एउटै जस्तो बनाइदिन्छ । यो ठ्याक्कै बच्चाले कुनै चिजको नक्कल गरेजस्तै हुन्छ । यस्तो खालका फोटो तथा भिडियोहरुमा लुप्त तहहरु अर्थात् हिडेन लेयर्स हुन्छन् जसलाई केवल सम्पादन सफ्टवेयरबाट मात्रै देख्न सकिन्छ । एक हरफमा भन्नुपर्दा डीपफेक भनेको वास्तविक अर्थात् रियल तस्वीर-भिडियोहरुलाई उत्कृष्ट रियल फेक तस्वीर-भिडियोमा बदल्ने एक प्रक्रिया हो । डीपफेकमा तस्वीर तथा भिडियोहरु फेक हुँदाहुँदै पनि वास्तविक जस्ता देखिन्छन् । सजिलो भाषामा भन्नुपर्दा डीपफेक एउटा सम्पादित भिडियो तथा तस्वीर हो जसमा एक व्यक्तिको अनुहारलाई अरु कसैको अनुहारमा बदलिन्छ । डीपफेक भिडियोहरु यति धेरै सटिक हुन्छन् कि त्यो नक्कली हो भनेर सहज रुपमा पहिचान गर्न सकिंदैन । डीपफेक भिडियो बनाउनका लागि आर्टिफिसियल इन्टेलिजेन्स तथा मेसिन लर्निङको पनि मद्दत लिइन्छ ।

**कसरी बन्छन् डीपफेक ?**
डीपफेक सामग्रीहरु दुईवटा नेटवर्कको सहयोगबाट बनाइन्छ जसमा एउटा इनकोडर हुन्छ भने अर्को डिकोडर नेटवर्क हुन्छ । इनकोडर नेटवर्कले सोर्स कन्टेन्ट 'वास्तविक अर्थात् स्रोत सामग्री' लाई विश्लेषण गर्दछ र त्यसबाट प्राप्त डाटालाई डिकोडर नेटवर्कमा पठाउँछ । त्यसपछि अन्तिम नतिजा अर्थात् आउटपुट निस्किन्छ जुन हुबहु सक्कली जस्तै हुन्छ । तर यो वास्तवमा फेक अर्थात् नक्कली हुन्छ । यसका लागि केवल एउटा भिडियो वा तस्वीर आवश्यक पर्दछ । डीपफेकका लागि विभिन्न वेबसाइटहरु तथा एपहरु पनि छन् जहाँ मानिसहरुले विभिन्न डीपफेक भिडियोहरु बनाइरहेका छन् ।

**डिपफेक भिडियोलाई कसरी पहिचान गर्ने ?**
यस्तो प्रकारका फोटो तथा भिडियोहरु पहिचान गर्नु सजिलो त छैन तथापि असम्भव पनि होइन । यसलाई पहिचान गर्नका लागि तपाईले भिडियोहरुलाई अत्यन्तै नजिकबाट हेर्नु पर्दछ । खासगरी अनुहारको भावभंगी, आँखाको चाल तथा शरीरको स्टाइलमा ध्यान दिनुपर्छ । यसका अलावा शरीरको रंगबाट पनि डीपफेक पहिचान गर्न सकिन्छ । आमरुपमा यस्ता भिडियोहरुमा अनुहार र शरीरको रङ मिलिरहेको हुँदैन । साथै लिप सिङ्कबाट पनि यस्तो खालका भिडियोहरु पहिचान गर्न सकिन्छ । यस्ता भिडियोहरुलाई लोकेसन र अतिरिक्त चम्किलोपनाबाट पनि चिन्न सकिन्छ । कुनै पनि विषयवस्तुमा आफ्नो ज्ञानका आधारमा पनि डीपफेक पहिचान गर्न सकिन्छ । जस्तै यदि बाराक ओबामाले भोजपुरी गीत नाचिरहेको भिडियो छ भने त्यो नक्कली हो भनेर पहिचान गर्न कुनै गाह्रो हुँदैन ।

*-अनलाइन खबर डटकम*

# ग्यालेक्सी एस २४ सिरिज सार्वजनिक




एआई विशेषतासहितको ग्यालेक्सी एस २४ सिरिज नेपाली बजारमा सार्वजनिक गरिएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापित र मिस नेपाल वर्ल्ड २०१८ शृंखला खतिवडाले सो सिरिज सार्वजनिक गरेकी हुन् ।

"ग्यालेक्सी एस२४ साँच्चै नै भविष्यको फोन हो । सामसङ ग्यालेक्सी एआईको साथ हामी अल्ट्रा-पर्सनालाईज्ड युजर-एक्सपिरिएन्स प्रदान गरेर टेक्नोलोजी ल्यान्डस्केपलाई नयाँ आकार दिनेछौं," निर्देशक स्थापितले भने, "हाम्रो पहिलो एआई सञ्चालित फोनले ग्यालेक्सी विशेष पर्फर्मेन्स र एक्सपिरिएन्सलाई जोड्छ ।" ग्यालेक्सी एस २४ सिरिजमा नेटिभ कल एपभित्र वास्तविक समय, दुईतर्फी कल अनुवादमै प्रत्यक्ष अनुवाद सुविधा छ । यसले अर्को व्यक्तिले जुनसुकै फोन प्रयोग गरे पनि आफ्नो प्रयोगकर्ताका निम्ति १३ भाषामा अडियो र टेक्स्ट अनुवादलाई समर्थन गर्ने कम्पनीले जनाएको छ ।

"ग्यालेक्सी एआई अधिक सुरक्षित छ, किनकि यसले बाह्य क्लाउड प्रणालीहरूमा भर नपरी फोनमा नै सञ्चालन गर्दछ," सामसङ नेपालको विज्ञप्तिमा उल्लेख छ, "हराएर दिशाहरू सोध्ने वा रेस्टुरेन्टमा खाना अर्डर गर्नेको लागि होस्, यी फोनहरू प्रयोगकर्ताले आफ्नै व्यक्तिगत अनुवादकको रूपमा काम गर्न सक्छ । साथै, प्रयोगकर्ताले टेक्स्ट पठाउँदा, च्याट असिस्टले सन्देशलाई तुरुन्तै अनुवाद गर्दिन्छ, जसले प्रयोगकर्ताहरूलाई सजिलै बोल्न सक्ने भाषामा साथीहरूसँग टेक्स्ट गर्न दिन्छ ।" ट्रान्सक्रिप्ट असिस्टका साथ प्रयोगकर्ताले रेकर्ड गरिएका कुराकानीको छोटो सारांश सिर्जना र साझेदारी गर्न सक्नेछन् । मिटिङमा व्यवस्थित रहन नोट असिस्ट प्रयोग गर्न सक्ने कम्पनीले जनाएको छ । ग्यालेक्सी एस २४ सिरिजको साथमा प्रयोगकर्ताले आफ्नो मनपर्ने सोसल मिडिया एपहरूमा ग्यालेक्सीको नेटिभ क्यामेरा अनुभवको फाइदा लिन सक्नेछन् । ग्यालेक्सी एस २४ सिरिज प्रयोगकर्ताले बिनाथप उपकरण गुणस्तरीय भिडियो बनाउन सक्ने कम्पनीले जनाएको छ । ग्यालेक्सी एस२४ (१२+५१२ जीबी)को प्रतिमूल्य एक लाख ९९ हजार ९९९ रुपैयाँ तोकिएको छ । यस्तै, ग्यालेक्सी एस २४ अल्ट्रा (१२+२५६ जीबी)को प्रतिमूल्य एक लाख ८४ हजार ९९९ रुपैयाँ तोकिएको छ । ग्यालेक्सी एस२४ प्लस (१२+२५६ जीबी)को प्रतिमूल्य एक लाख ४२ हजार ९९९ रुपैयाँ तोकिएको छ । ग्यालेक्सी एस२४ बेस (८+२५६ जीबी)को प्रतिमूल्य एक लाख १९ हजार ९९९ रुपैयाँ तोकिएको सामसङ नेपालले जनाएको छ ।

*-सेतोपाटी डटकम*

# उपप्राध्यापक शर्माको ‘बुद्धि शोककाव्य’ प्रकाशित




**पाल्पा,** माघ १५/तानसेन बहुमुखी क्याम्पस पाल्पाकी उपप्राध्यापक नारायणी शर्माको ‘बुद्धि शोककाव्य’ संग्रह प्रकाशित भएको छ । लेखक शर्माले बाबा बुद्धिनाथ आचार्यको स्मृतिमा समर्पित खण्डकाव्यको रुपमा ‘बुद्धि शोककाव्य’ संग्रह प्रकाशित गरेकी हुन् ।

पिताको स्मृतिमा तयार पारिएको शोककाव्य भित्र १३ वटा उच्छ्वास् र १ सय ४२ वटा श्लोकहरु संग्रहीत रहेका छन् । अध्ययन र साहित्य सिर्जनामा सक्रिय शर्माको खण्डकाव्यमा शिखरिणी, मन्दाक्रान्त र शार्दूलबिक्रिडित छन्दमा लेखिएका श्लोकहरु करुणा र शान्त रसमय रहेका छन् । यस संग्रहमा शुरुदेखि अन्त्यसम्म आख्यानात्मक कलाको सुन्दर काव्यिता संयोजन रहेको छ । पितृ वियोगको गहिरो पीडा वेदनाका कारण खण्डकाव्य रचना गरेको लेखक शर्माको भनाई छ । उनले भनिन् ‘यस अघि छिट्टफुट्टरुपमा म आफ्नै सिर्जनामा कविता वाचन गर्दै आए पनि अचानक पिताको निधनभएपछि उहाँको सम्झना र मायाले सताएपछि शोककाव्य लेख्न आँट आएको हो ।’ शोकको घडीमा जरिरहेको हृदयको डाहालाई शान्त पार्ने र हृदय भित्रको वह पोख्ने काम खण्डकाव्यमा भएको लेखक शर्माले एनजेडीसँगको कुराकानीमा बताइन् । संग्रहमा जीवनको एकदेशीय यथार्थ अभिव्यञ्जित भएका कथावस्तु वा कथानक,मानवीय पात्रको रुपमा बाबा र परिवाजनका साथै मानवेत्तर पात्राको रुपमा प्रकृतिजन्य विषयवस्तु पात्र वा चरित्रका रुपमा उपस्थित रहेको पाल्पा साहित्य समाजका अध्यक्ष पुष्कर अथक रेग्मीले पुस्तकको शुभकामना सन्देशमा उल्लेख गरेका छन् । सरल, सहज, छन्दोबद्ध भाषाशैली, सन्दर्भयुक्त वातावरण वा परिवेशसहित समर्पण, स्मरण र प्राप्तिसहितको जीवनदृष्टि वा उद्देश्य लगायतका आधारभूत तत्वहरु शोककाव्यभित्र रहेको साहित्यकार रेग्मीले बताएका छन् ।

विगत एक दशक भन्दा लामो समयदेखि प्राध्यापन कार्यमा संलग्न रहेकी शर्माले नेपाली समाजमा आएका परिवर्तन, सामाजिक मर्यादा, चालचलन, व्यवहार, सोचाई तथा दृष्टिकोण र तिनका कारण अन्य मानिसमा पर्ने प्रभावलाई नजिकबाट नियाल्दै कवितामार्फत सिर्जनाहरु कोर्दे आएकी छन् । नेपाली साहित्यमा एम.ए. गरेकी उनले शिक्षा र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएकी छन् ।

# ‘लुम्बिनीमा विषयगत समितिको नेतृत्व चयनमा कुनै समस्या छैन’



**पाल्पा,** माघ १५/नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले लुम्बिनी प्रदेशमा विषयगत समितिको नेतृत्व चयनका लागि गठबन्धन दलमा कुनै पनि समस्या नभएको बताएका छन् । पाल्पाको तानसेनमा नेपाल प्रेस युनियन पाल्पा शाखाले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै सभापति पुनले गठबन्धनमा विषयगत समितिको नेतृत्वका लागि भागबण्डा मिलिसकेकाले कुनै समस्या नरहेको बताएका हुन् ।

गठबन्धन दल भित्रै भागबण्डा नमिलेका कारण विषयगत समितिको नेतृत्व चयनमा ढिलाई भएको भन्ने पत्रकारको जिज्ञासामा सभापति पुनले गठबन्धनबाट भागबण्डाको टुँगो लागिसकेको तर मुख्यमन्त्री डिल्ली चौधरीबाट केही ढिलाई भएको स्पष्ट पारे । उनले भने ‘दलहरुबाट भाग बण्डा टुँगो लागि सकेको छ, मुख्यमन्त्रीलाई छिटो टुँगाएर प्रदेशको काम कारवाही अगाडि बढाउन भनेका छौं ।’ मुख्यमन्त्रीले अब केही दिनमै यसको टुँगो लगाउने सभापति पुनले बताए । उनले सरकारमा जाने पार्टीका साथीहरु गम्भीर नबन्दा प्रदेश सरकार विस्तारमा केही ढिलाई हुन गएको समेत बताए । सभापति पुनले भने ‘सरकारमा गएका साथीहरु अलिकति गम्भीर भएर प्रस्तुत नहुँदा प्रदेश सरकार प्रदेश जस्तो हुन सकेको छैन ।’ उनले अब काँग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरुको काम कारवाहीलाई चुस्त, प्रभावकारी बनाउन लुम्बिनी काँग्रेसले १ सय ९ वटै पालिकामा प्रतिनिधि खटाएर कामको निरीक्षण गर्न थालेको समेत बताए । उनले भने ‘३ महिलासम्म वडा, पालिकाहरुमा पुगेर जनप्रतिनिधिहरुले गरेका कामहरुको अनुगमन गर्ने र जनताप्रति उत्तरदायी बनाउने दिशामा लुम्बिनी काँग्रेसले काम थालेको छ ।’ सभापति पुन भोली सोमार रामपुरमा हुने पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्न पाल्पा आएका हुन् । सोही अवसरमा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले माघ १६ गतेदेखि पाल्पाका ८१ वटै वडामा पुगेर काँग्रेसले छलफल र बैंठक चलाउन लागेको बताए । उनले समुदायमा काँग्रेस अभियान अन्तर्गत नेताका भाषण नभई जनताको गुनासा र कुराहरु सुन्ने बताए । सभापति श्रेष्ठले भने ‘हामी वडा-वडामा पुगेर विभिन्न उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समितिका साथीहरुसँग बसेर जनताका गुनासा, समस्याहरुको सम्बोधन गर्न छलफल चलाउने छौं ।’ प्रेस युनियन पाल्पा शाखाकी अध्ययक्ष मन गहिरेको अध्यक्षतामा भेटघाट कार्यक्रम भएको थियो ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा...

...भे.१ ह ४७०० नम्बरको अटो अनियन्त्रित भई  दुर्घटना हुँदा अटोमा सवार सोही ठाउँका ५० वर्षीया भिमी कामीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको मेहलकुना अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । साथै दुर्घटनामा घाइते भएका अटोमा सवार २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१८ स्थित सडकमा माइक्रोबसले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । भे.१ ख १६९७ नम्बरको माइक्रोबसले लु.१ ब २९३६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार बर्दिया मधुवन नगरपालिका-८ घर भई जिल्ला प्रहरी कार्यालय बाँकेमा कार्यरत प्रहरी जवान विकास डाँगीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको केन्दीय प्रहरी समाचार कक्षले जनाएको छ । माईक्रोबस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सबै घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खेलकुद समाचार

# राष्ट्रपति रनिङ शिल्डको उपाधि महेन्द्र माविलाई



**गुल्मी,** माघ १५/जिल्लाको रेसुङ्गा नगरपालिकामा सञ्चालित पाँचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि तम्घासस्थित महेन्द्र नमुना माविले हात पारेको छ । चिदिचौर खेलमैदानमा तीन दिनसम्म चलेको प्रतियोगितामा नौ स्वर्ण, तीन रजत र आठ कांस्यसहित २० पदक प्राप्त गरी महेन्द्रले उपाधि हात पारेको हो ।


प्रतियोगितामा सिद्धबाबा माध्यमिक विद्यालयले आठ स्वर्ण, दश रजत र दश कांस्यसहित २८ पदक प्राप्त गर्दै दोस्रो भएको छ । तृतीय भएको रेसुङ्गा माध्यमिक विद्यालयले आठ स्वर्ण, चार रजत र पाँच कांस्यसहित १७ पदक प्राप्त गरेको छ । विभिन्न २४ विधाका प्रतियोगितात्मक खेलका लागि नगरपालिकाभित्रका १४ विद्यालयका खेलाडीहरुको सहभागिता रहेको खेल संयोजक गणेश अधिकारीले जानकारी दिए । प्रथम भएको महेन्द्र माविले २० हजार नगदसहित शिल्ड, मेडल र प्रमाण पत्र, द्वितीय भएको सिद्धबाबालाई १५ हजार नगद र तृतीय भएको रेसुङ्गालाई १२ हजार नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको उनले बताए ।

प्रतियोगीहरुलाई रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थीले पुरस्कार हस्तान्तरण गरेका हुन् । पुरस्कार हस्तान्तरण गर्दै उनले खेलकुदले अनुशासनमा बस्न सिकाउने र स्वस्थ राख्ने भएकाले मानव जीवनका लागि खेलको महत्वपूर्ण भूमिका रहेको बताए । प्रतियोगिताको माध्यमबाट भोलिको दिनमा गौरव गर्न सक्ने खेलाडी उत्पादन हुने नगरप्रमुख पन्थीले बताए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कारोबारको दोस्रो दिन पनि बढ्यो नेप्से




**पाल्पा,** माघ १५/गत साता निरन्तर ओरालो देखिएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक यो साता कारोबारको सुरुवाती दुई दिन लगातार बढेको छ । आइतबार दोहोरो अंकले बढेको परिसूचक सोमबार १० दशमलव २६ अंकले उकालो लागेको हो ।

नेप्से परिसूचक शून्य दशमलव ४८ प्रतिशतले बढेर दुई हजार एक सय चार दशमलव ७२ को विन्दुमा कायम भएको हो । तीन सय ११ कम्पनीको एक करोड २३ लाख २२ हजार सात सय पाँच कित्ता शेयर एक लाख तीन हजार एक सय ५३ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ५६ करोड ६५ लाख २२ हजार दुई सय ३० बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव ०६, लघुवित्त समूह शून्य दशमलव ०५ र निर्जीवन बीमा समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै अन्य समूह एक दशमलव ६४ र जलविद्युत समूह एक दशमलव ०८ प्रतिशतले बढेका छन् । युनियन हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने गरिमा डिभेन्चर-२०८५ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै रू ६० करोड १६ लाख ७१ हजार आठ सय नौ बराबरको नौ लाख पाँच सय ११ कित्ता शेयर किनबेच भएको छ ।

# गुल्मीमा दुई आयुर्वेद पसल सिल



**गुल्मी,** माघ १५/जिल्लाको तम्घासमा रहेका दुई आयुर्वेद पसल सिल गरिएको छ । जिल्ला प्रशासन कार्यालयले रेसुङ्गा नगरपालिका ८ मा रहेको आयुर्वेदिक र सफल होमियोप्याथिक आयुर्वेदिक औषधी पसल सिल गरेको हो ।

अधिकार क्षेत्रभन्दा बाहिर रहेर काम गरेको गुनासो आएपछि आयुर्वेद पसल सिल गरिएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले बताए । सोमबार जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रशासकीय अधिकृत नारायण घर्तीको नेतृत्वमा गएको टोलीले आयुर्वेद पसलको अनुगमन गरेको थियो । अनुगमन गर्दा आयुर्वेदिक औषधीको खुद्रा विक्री-वितरणको अनुमति मात्र लिई मापदण्ड विपरित फिजियोथेरापी मेसिन, भिडियो एक्सरे मेसिन, नेबुलाईजर सेवा, बिरामी भर्ना गरी स्लाईन चढाउने, एलोपेथिक औषधी समेत बिक्री वितरण गरेको पाईएकोले सिल गरिएको प्रजिअ शर्माले बताए ।

अनुगमनमा आयुर्वेद पसलले आठ कोठामा औषधी, प्रयोगशाला र बिरामी कुरुवा कक्ष सञ्चालन गरेको भेटिएको थियो । रेसुङ्गा नगरपालिका ८ का वडाध्यक्ष निरञ्जन काउछाको रोहबरमा, जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालयका प्रतिनिधि र प्रहरी समेतले आयुर्वेद पसल सिल गरेका हुन् । आयुर्वेद शिलपछि टोलीले थप अनुसन्धान समेत गरिरहेको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई